## क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरुलाई अनुरोध

१. दरखास्त संकलनका लागि कम्तिमा अधिकृत स्तरको कर्मचारीको नेतृत्वमा तीन सदस्यीय कार्यटोली गठन गरी तत्काल काममा लगाउनु पर्ने ।

२. उम्मेदवारहरुको दरखास्त दर्ता गर्दा विषयगत दर्ता किताब तयार गरी अलग अलग दर्ता गर्ने । दरखास्त दर्ता किताबको ढाँचा निम्नानुसारको हुने ।

दरखास्त संकलन केन्द्र : तह : विषय :

| सि नं. | दर्ता नं. | रोल नं. | उम्मेदवारको नाम, थर | लिङ्ग | दरखास्त स्वीकृत भएको समूह | | | | | | | | | जम्मा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खुला | महिला | दलित महिला | मुस्लिम महिला | आदिवासी जनजाति | मधेशी | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

३. एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको दरखास्त फाराम एउटै भर्न लगाउने, दरखास्त फाराममा स्पष्ट रुपमा समूह खुलाउन लगाई प्रति थप समूह कायम गरिएको राजस्व दस्तुर लिने ।

४. प्रचलित कानून अनुसार आदिवासी/जनजाति, मधेशी र दलित समूदायका उम्मेदवारले कुनै एक समावेशी समूहमा मात्र आवेदन दिन पाउने साथै पिछडिएको क्षेत्र वा अपाङ्गता भएका उम्मेदवारले तत् तत् समूहमा समेत आवेदन दिन पाउने भएकोले सोही बमोजिम गर्ने ।

५. दरखास्त फारामसाथ तोकिएको कागजात पूरा भएको खण्डमा मात्र दरखास्त स्वीकृत गरी प्रवेशपत्र दिने ।

६. रोल नं. कायम गर्दा २ अङ्कको केन्द्र कोड र ४ अङ्कको उम्मेदवारको रोल नं. गरी जम्मा ६ अङ्कको रोल नं. कायम गर्ने र विषयगत रुपमा अलग अलग दर्ता गर्ने ।

**जस्तैः पूर्वाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयबाट कुनै एक विषयको पहिलो उम्मेदवारको रो.नं. कायम गर्दा**

| केन्द्र कोड | रोल नं. |
|---|---|
| ०१ | ०००१ |

**०१०००१ यहाँ शुरुको ०१ भन्नाले केन्द्र कोड र पछिल्लो ०००१ भन्नाले उम्मेदवारको रोल नं. जनाउँदछ ।**

७. दरखास्त फाराम र परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगको वेबसाईट www.tsc.gov.np मा हेर्न र डाउनलोड गर्न सकिने ।

८. केन्द्र कोड निम्नानुसार कायम गरिएको छ ।

| केन्द्र कोड | दरखास्त संकलन केन्द्र |
|---|---|
| ०१ | क्षेत्रीय शिक्षा निर्देशनालय, पूर्वाञ्चल, धनकुटा |
| ०२ | जिल्ला शिक्षा कार्यालय, इलाम |
| ०३ | जिल्ला शिक्षा कार्यालय, मोरङ |
| ०४ | जिल्ला शिक्षा कार्यालय, उदयपुर |
| ०५ | क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चल, हेटौंडा |
| ०६ | जिल्ला शिक्षा कार्यालय, ललितपुर |
| ०७ | जिल्ला शिक्षा कार्यालय, सिन्धुली |
| ०८ | जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोक |
| ०९ | क्षेत्रीय शिक्षा निर्देशनालय, पश्चिमाञ्चल, पोखरा |
| १० | जिल्ला शिक्षा कार्यालय, रुपन्देही |
| ११ | जिल्ला शिक्षा कार्यालय, तनहुँ |

| | |
|---|---|
| १२ | जिल्ला शिक्षा कार्यालय, वाग्लुङ |
| १३ | क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यपश्चिमाञ्चल, सुर्खेत |
| १४ | जिल्ला शिक्षा कार्यालय, दाङ |
| १५ | जिल्ला शिक्षा कार्यालय, जुम्ला |
| १६ | जिल्ला शिक्षा कार्यालय, बाँके |
| १७ | क्षेत्रीय शिक्षा निर्देशनालय, दिपायल |
| १८ | जिल्ला शिक्षा कार्यालय, कैलाली |
| १९ | जिल्ला शिक्षा कार्यालय, डडेल्धुरा |

९. तोकिएको न्यूनतम शैक्षिक योग्यता र माथिल्लो तहको शैक्षिक योग्यतामा अलग अलग मूल विषय लिएको उम्मेदवारले आफूले रोजेको कुनै एक विषयमा उम्मेदवार हुन दिने ।

१०. शैक्षिक योग्यताको प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रमा उमेर फरक परी जन्म मितिमा द्विविधा उत्पन्न भएमा अघिल्लो जन्म मितिलाई आधार मान्ने ।

११. दरखास्त संकलनको काम पूरा भइसकेपछि दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको नामावली क्षेत्रीय शिक्षा निर्देशक र जिल्ला शिक्षा अधिकारीबाट प्रमाणित गराई एक प्रति सूचना पाटीमा टाँस गरी अर्को प्रति छिटो साधनबाट शिक्षक सेवा आयोगमा पठाउने ।

१२. आयोगको मिति २०७३/०२/१० को गोरखापत्रमा प्रकाशित विज्ञापनको सूचना समेतलाई आधार लिई दरखास्त फाराम सङ्कलन/स्वीकृत गर्ने ।

१३. दरखास्त फाराम शर्तमा राखी स्वीकृत नगर्ने ।

१४. दरखास्त संकलन लगायत खुला प्रतियोगिताको विज्ञापन सम्बन्धी कुनै समस्या वा जिज्ञासा भएमा आयोगको फोन नं. ०१६६३७८७३ , ०१६६३८१५१ र फ्याक्स नं. ०१६६३७८७२ मा सम्पर्क गर्न सकिने छ ।